# मेलम्ची नगर कार्यपालिकाको मिति २०७४/९/२४ गतेको बैठकको निर्णयहरु

**निर्णय नं. १ ः**

मेलम्चीनगरपालिकाको नगरसभा संचालनएवंविभिन्नविषयगत समिति/उप-समितिहरूको वैठक बसे बापत सदस्यहरूलाई देहायबमोजिमभत्ताप्रदानगर्ने निर्णय गरियो ।

**तपशिल**

(१)नगरसभाका सदस्यतथाआमन्त्रितव्यक्तिहरूलाई वैठक भत्ताबापत रू. १५००।-प्रतिव्यक्तिप्रदानगर्ने।

(२)विषयगत समिति/उप-समितिको वैठक बस्दा नगरपालिकाप्रमुख/उप-प्रमुखको अध्यक्षतामा वैठक बसेमाप्रतिव्यक्तिरू. १५००।- र अन्य सदस्यहरूको संयोजकत्वमा वैठक बसेमाप्रतिव्यक्तिरू. १०००।- प्रदानगर्ने ।

(३)२०७४ माघ महिना देखि मेलम्चीनगरपालिकाअन्तर्गतका सबै वडाका सदस्यहरूलाई प्रति सदस्यमासिक रूपमा रू. २०००।- भत्ताउपलब्ध गराउने ।

**निर्णय नं. २ ः**

यस मेलम्चीनगरपालिकाअन्तर्गतकाविद्यालहरूमानियमानुसार सरूवाभएकाशिक्षकहरू सरूवाभएको विद्यालयमाहाजिर नभई बसेको अवस्था रहेको देखिएकोले त्यस्ताप्रकृतिकाशिक्षकहरूलाई १५ दिनभित्र सरूवाभएको विद्यालयमाहाजिर हुनजानको लागिनिर्देशनदिने र सो नभएमानिजको तलबभत्ता रोक्का गरी सो को जानकारी जिल्लाशिक्षाकार्यालय, चौतारा, सिन्धुपाल्चोकलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ३ ः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ को दफा २ (ज) माआधारभूत र माध्यामिकशिक्षा सम्बन्धीअधिकार स्थानीयतहकोभएको हुँदाउल्लेखितअधिकारको सिमाभित्र रही देहायअनुसार गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. मेलम्चीनगरपालिकाअन्तर्गत रहेकाविद्यालयहरूको आधारभूततहको अन्तिम परीक्षा (कक्षा ८) मेलम्चीनगरपालिकाले संचालनगर्ने ।

२. नगरपालिकाअन्तर्गतकाविद्यालयहरूको कक्षा स्तरवृद्धिको लागि स्वीकृतिप्रदानगर्ने ।

३. विद्यायन समिति र सामाजिकविकास समितिको समन्वयमानगर शिक्षा संचालनकार्यविधिनिर्माण गर्ने ।

४. आ.व. २०७६/७७ सम्माआधारभूतशिक्षा सूनिश्चिततागर्ने ।

५. विद्यालयतहकाबालविकास कक्षाआवश्यकताअनुसार स्थापनागर्दै जाने ।

**निर्णय नं. ४ ः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-७दफा ४२ को नक्शापास सम्बन्धीविशेष व्यवस्थाको उपदफा(१) माउल्लेखि भएबमोजिम“यस परिच्छेदमाजुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुनुअघि तत्कालप्रचलितकानूनबमोजिमनक्शापास गर्नु पर्नेमानक्सापास नगरी वापास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी बनाएको भवनको हकमाभवननिर्माण समबन्धी मापदण्ड र संहितापालनाभएको रहेछ भने नगरपालिकाले यो ऐन प्रारम्भ भए पछि एक पटकको लागि देहायको व्यवस्था गरी नक्सापास गर्न वापास भएको नक्सामा हेरफेर गर्न स्वीकृतिदिन सक्नेछ” भनीउल्लेख भएको हुँदा सोहीदफाको १ (क) बमोजिम ३५ दिनको म्याददिई प्रमाण साथ दरखास्तदिनको लागि सार्वजनिक सूचनाप्रकाशनगर्ने ।

**निर्णय नं. ५ :**

विद्युतनियमावली, २०५० को अनुसूची १२ र १३ माभएको व्यवस्थाबमोजिमविद्युत मापदण्डमा भएको व्यवस्थाबमोजिमविद्युतप्रशारण लाइनको नजिकमाभवननिर्माण गर्नको लागिविद्युतप्रशारण लाइनको नजिकको तार देखि भवन संरचनासम्मतपशिलबमोजिमको सेट ब्याक दुरी कायमगर्ने र नियमावली परिर्वतनभएमा सोहीबमोजिमको दुरी कायमगर्ने ।

तपशिल

(क) २२० Vवा ४०० Vवितरण लाइनमा १.२५ मिटर

(ख) ११KVप्रशारण लाइनमा १.५ मिटर

(ग) ३३ KV प्रशारण लाइनमा २ मिटर

(घ) ६६ KVप्रशारण लाइनमा ३ मिटर

(ङ) १३२ KVप्रशारण लाइनमा ४ मिटर

**निर्णय नं. ६ :**

मेलम्चीनगरपालिकाको सम्पूर्ण भवनहरूको Floor Area Ratio (FAR) २.५ कायमगरिएकोमाउल्लेखित२.५ Floor Area Ratioनपुग्ने क्षेत्रमा ३० फिटसम्म उचाइको भवननिर्माण गर्न स्वीकृतिप्रदानगर्ने निर्णय गरियो ।